ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
GRAMEEN BIKAS LAGHUBITTA BITTIYA SANSTHA LTD.
समाचार

चैत्र १८, २०८० ग्रामीण विकास लघुवित्त समाचार मार्च ३१, २०२४

# ग्रामीण विकास लघुवित्त संस्थाद्वारा कर्मचारीहरूलाई नेतृत्व विकास, सकारात्मक सोच र तनाव व्यवस्थापन सम्बन्धी तालिम सञ्चालन

ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लिमिटेडको आयोजनामा “Unfolding Positive Attitude for Behaviour Change And Performance Excellence” विषयक तालिम २०८० चैत्र १६ गते शुक्रवार बुटवलमा सम्पन्न भएको छ। संस्थामा आवद्ध कर्मचारीहरूमा नेतृत्व सीप, तनाव व्यवस्थापन र सकारात्मक सोंचको क्षमता विकास गर्ने उद्देश्यका साथ आयोजना गरिएको तालिममा संस्थामा क्रियाशील तीनवटै युनियनका सम्पूर्ण केन्द्रीय पदाधिकारी तथा सदस्यहरु लगायत अन्य कर्मचारीहरु गरी १ सय १ जनाको सहभागिता रहेको थियो।




संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवालले तालिम कार्यक्रमको समुद्घाटन गर्नु हुँदै कर्मचारीहरूले तालिममा सिकेका विषयहरुलाई व्यवहार र कार्य सम्पादनमा लागु गर्नु पर्ने बताउनु भयो। सो अवसरमा कर्मचारीहरुमा तनाव व्यवस्थापन, सकारात्मक सोंच र क्षमता विकासका लागि संस्थाले यस्ता तालिम कार्यक्रम निरन्तर रुपमा सञ्चालन गर्दै जाने उल्लेख गर्नुभयो।



तालिम कार्यक्रममा कर्मचारीहरूमा तनाव व्यवस्थापन, सकारात्मक सोंच, नेतृत्व सीप र कार्य क्षमताको विकास, आदि विभिन्न विषयमा स्टाफ कलेजका पूर्व सिनियर डाइरेक्टर तथा क्लिनिकल साइकोलोजिष्ट बरिष्ठ प्रशिक्षक डा. केदार बहादुर रायमाझीले प्रशिक्षण दिनु भएको थियो। तालिम समापनका अवसरमा सबै सहभागिहरूलाई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री श्याम कुमार कटुवाले प्रमाण पत्र वितरण गर्नु भएको थियो।

समापन अवसरमा मन्तव्य दिने क्रममा प्रमुख कार्यकारी अधिकृत श्री कटुवालले संस्थाको उन्नति र प्रगतिमा कर्मचारीहरूको महत्वपूर्ण भूमिका रहने बताउनु हुँदै संस्थाको वासलात र नाफा नोक्सान हिसावलाई राम्रो बनाउन कार्यक्षेत्रमा परिणाममुखी कार्य गर्नु पर्ने र यसका लागि कर्मचारीले परंपरागत व्यवहारमा परिवर्तन गरी ग्राहकहरूको बीचमा मुस्कान सहितको सेवा प्रदान गर्नु पर्ने विषयमा जोड दिनु भयो ।




संस्थाका नायव कार्यकारी प्रमुख श्री दिपक प्रसाद पाण्डेले आगामी दिनमा समेत संस्थाले आन्तरिक तथा वाहय रुपमा सञ्चालन हुने विभिन्न तालिम कार्यक्रमहरुमा कर्मचारीहरुलाई थप सहभागिता गराउदै जाने बताउनु भयो। हालै देश व्यापीरूपमा संस्थाको कार्यक्षेत्र भित्र बसोवास गर्ने महिला तथा पुरूषहरूलाई वितीय साक्षरता कार्यक्रम सञ्चालन र अन्तरप्रदेश रूपमा ग्राहकहरूको अवलोकन भ्रमण सम्पन्न गरिसकेको हुँदा संस्थाले समग्र पक्षलाई सम्बोधन गर्दै अगाडी बढिरहेको बताउनु भयो।



तालिम समापनका अवसरमा संस्थामा क्रियाशील तीनवटै युनियनका अध्यक्षहरू श्री इश्वर प्रसाद लम्साल, श्री अम्बर पौडेल र श्री दिपेन्द्र लुइटेलले मन्तव्य व्यक्त गर्दै तालिममा धेरै विषयवस्तुहरू सिक्ने र बुझ्ने अवसर पाएको हुँदा तालिम अत्यन्त फलदायी रहेको बिचार व्यक्त गर्दै आगामी दिनमा समेत थप कर्मचारीहरूलाई समेत यस प्रकारका तालिम सञ्चालन गर्दै जानु पर्ने विषयमा जोड दिनु भयो।